अरुण गाउँपालिका

गाउँपालकिाको कार्यालय,प्याउली,भोजपुर

**गाउँपालिकाको वस्तुगत विवरण (Profile) निर्माणको प्रस्ताव पेश गर्ने सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७५/९/११

यस गाउँपालिकाको सम्पुर्ण विवरणहरु झल्कने तथ्याक सहितको वस्तुगत विवरण (Profile) प्रस्ताव अध्ययन गरी प्रतिस्प्रधाको आधारमा सेवा प्रदायक संस्था छनौट गरी निर्माण गर्नु पर्ने भएकोले इच्छुक योग्यता पुगेका फर्म/संस्था/कम्पनीहरुले देहायको शर्तहरुको अधिनमा रहि १५ दिन भित्रमा रित पूर्वकको प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१.प्रस्तावकले यस कार्यालयवाट नियमाअनुसार TOR रु १०००। तिरि १५ औं दिन भित्रमा खरिद गर्न सक्नु हुनेछ । TOR खरिद गर्नको लागि निवेदन साथ मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७४/७५ को कर चुक्ता प्रमाण पत्र, सम्वन्धीत फर्म, कम्पनी वा संस्था दर्ता र नविकरणको प्रमाणपत्रको फोटोकपि राखी निवेदन दिनु पर्ने छ ।

२. प्रस्तावकले आर्थिक एवं प्राविधिक प्रस्ताव अलग अलग खाममा शिलवन्दी गरी खाम वाहिर अलग अलग नाम लेखि पुनः दुवैलाई एउटै खाममा सिलवन्दी गरी पेश गर्नु पर्नेछ । शिलवन्दी प्रस्ताव १६ औ दिन दिनको १२ वजे भित्र कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । यसरी दर्ता भएका प्रस्ताव दिनको १:०० वजे नियमाअनुसार खोलिनेछ । प्रस्ताव दाताको प्रतिनिधी खोल्ने समयमा उपस्थित नभएमा खोल्न वाधा पर्ने छैन ।

३.शिलवन्दी भई नआएको, म्याद नाघि आएका वा प्रचलित कानुन अनुसार रित पूर्वक पेश हुन नआएका प्रस्ताव उपर कुनै कारवाहि हुने छैन ।

४.प्रस्ताव दर्ता र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि लगत्तै कार्यालय खोलेको दिन उल्लेखित समय अनुसार नै दर्ता, खोल्ने दिन र समय मानिने छ ।

५. रितपूर्वक दर्ता हुन आएका शिलवन्दी प्रस्तावहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा यस कार्यालयवाट स्वीकृत भएको TOR मा उल्लेखित शर्त वमोजिम मूल्यांकन गरी प्रस्ताव छनौट गरिने छ ।

६.प्राविधिक रुपमा सफल प्रस्तावकहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।

७.प्रस्ताव स्वीकृत गर्ने, नगर्ने वा कार्यक्रम खारेज गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

८.अन्य थप जानकारी भएमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत